# बर्तमान राजनैतिक अन्यौलको स्वरुप र त्यसको संबैधानिक निकास

होम मूर्ति पन्त

(सम्पर्क: hom.pant@gmail.com)

**सार: संबिधानको धारा ८२ अनुसार जेठ १४ मा संबिधानसभाको बिघटन भएको हैन कि धारा ६४ र सर्बोच्चको निर्णय अनुसार सभासदका पद रिक्त भएको हो। पुनर्स्थापना बैधानिक होइन, निर्बाचन हो। धारा ३८(१) को राजनैतिक सहमति अपरिभाषित छ, त्यसैले यो भेटन सकिदैन। धारा ३८(७ख) अनुसार बर्तमान कामचलाउ प्रधानमन्त्रिको सम्बैधानिक बिकल्प छैन। बर्तमान प्रधानमन्त्रि राजिनामा दिए सरह हुदाहुदै राजनैतिक दलहरुले प्रधानमन्त्रिको राजिनामा मागिरहनु र उन्को राजिनामालाइ सहमतिको पूर्बशर्तको रुपमा प्रस्तुत गर्नुको कुनै अर्थ देखिदैन। धारा ६३ ले ६०१ सभासद मिश्रित प्रणालि अनुसार चुनिने ब्यबस्था गरेको छ। संबिधानसभासदका रिक्त स्थानकालगि हुने निर्बाचनमा ६३(७ख) अनुसार अघिल्लो चैत्र मसान्तमा १८ बर्षपुगेका सबैले मत दिन पाउछन, ६३(७) लागु हुदैन। निर्बाचन आयुक्तहरुलाइ राष्ट्रपतिले धारा १५८ प्रयोगगरि कामचलाउ भइरहन आदेश जारि गर्न सक्छन। बर्तमान समस्याको बैधानिक निकास सम्भब छ। त्यसको लागि नेताहरूले संबिधानको आदर गर्न आबश्यक देखिन्छ।संबिधान मिच्ने दुष्प्रयासले गृहयुध्द निम्त्याउन सक्छ।**

नेपाल अहिले राजनैतिक संक्रमणको एक बिशिष्ठ कालमा हिडिरहेको छ। निर्बाचित जनप्रतिनिधि भएको संबिधानसभा रित्तिएको छ। सम्पूर्ण सभासदहरू सामान्य नागरिकमा परिणत भएका छ्न। सरकार कामचलाउ अबस्थामा छ। अन्तरिम सम्बिधानको धारा ६३ को उपधारा २ ले दिएको अधिकार प्रयोगरि सरकारले संबिधानसभाको सदश्यका लागि नयाँ निर्बाचनको मिति तोके पनि दलहरुले निर्बाचनमा जान सहमत नहुदा निर्बाचनको कुनै टुङ्गो छैन। चुनाबि सरकारको नेतृत्व असहमतिको जरोमा रहेको जस्तो देखिन्छ। निर्बाचनको पूर्बशर्तको रुपमा प्रधानमन्त्रिको राजिनामालाइ अघि सारे पनि प्रधानमन्त्रिको राजिनामा पछि कस्को नेतृत्वमा कस्तो सरकार बन्ने भन्ने प्रश्नको उत्तरमा दलहरु बिच सहमति जुटन सकिरहेको छैन। सहमति बनेमा राजिनामा दिन तैयार रहेको जानकारि पनि प्रधानमन्त्रिबाट बेला बखतमा आइरहेको छ। यो बिषयमा दलहरु बिच सहमति जुटाउन बिभिन्न दलका शिर्षनेताहरु अबिरल रुपमा लागिरहेका छ्न, तर निकास अझै भेटिएको छैन। हुदा हुदा निकासका लागि राट्रपतिलाइ अमुक कदम चाल्न केहि दलहरुले आग्रह पनि गर्न पछिपरेका छैनन।

यो समस्याको निकास अझै किन निस्कन सकेन त? सरकारको गठन सम्बन्धमा अन्तरिम सम्बिधानमा के कस्ता ब्यबस्था गरिएका छ्न? अन्तरिम सम्बिधान सम्मत भएर यस्को निकास खोज्नेहो भने कुन बाटो हिडनु पर्ला भन्ने प्रश्नहरुको उत्तर खोज्ने प्रयास यो लेखले गरेको छ। यसो गर्दा नेपालमा बिधिको शासन स्थापित गर्ने सबैको साझा चाहना हो भन्ने मान्यता राखिएको छ।

## अन्तरिम संबिधानमा के छ?

अन्तरिम सम्बिधानमा मन्त्रि परिषदको गठन सम्बन्धमा ब्यबस्था गर्न बनेका धारा ३८-४० र त्यस अन्तर्गतका सान्दर्भिक उपधाराहरू यस प्रकार छ्न:

**“३८. मन्त्रिपरिषदको गठन:**

(१) राजनैतिक सहमतिका आधारमा प्रधानमन्त्रि र निजको अध्यक्षतामा मन्त्रिपरिषदको गठन हुने छ।

(२) उपधारा (१) बमोजिम सहमति कायमा हुन नसकेमा ब्यबस्थापिका-संसदको तत्काल कायम रहेको सम्पूर्ण सदस्य संख्याको बहुमतको आधारमा प्रधानमन्त्रि निर्बाचित हुने छ।

(७) देहायका अबस्थामा प्रधानमन्त्रि आफ्नो पदबाट मुक्त हुनेछ -

(क) निजले राष्ट्रपति समक्ष लिखित राजिनामा दिएमा, (क१) धारा ५५क बमोजिम निजका बिरुध्द अबिश्बासको प्रस्ताब पारित भएमा, (ख) निज ब्यबस्थापिका-संसदको सदस्य नरहेमा, बा (ग) निजको मृत्यु भएमा।

(९) उपधारा (७) बमोजिम प्रधानमन्त्रि आफ्नो पदबाट मुक्त भएपनि अर्को मन्त्रिपरिषद गठन नभएसम्म सोहि मन्त्रिपरिषदले कार्य सञ्चालन गरि रहनेछ।

(१०) प्रधानमन्त्रिको मृत्यु भएमा नया प्रधानमन्त्रिको चयन नभएसम्मको लागि उप-प्रधानमन्त्रि वा बरिष्ठतम मन्त्रिले प्रधानमन्त्रिको रुपमा कार्य सञ्चालन गर्नेछ। ”

सम्बिधानको धारा ३६ग ले राष्ट्रपतिको पदाबधि संबिधानसभाबाट जारि हुने संबिधान प्रारम्भ नभएसम्मका लागि रहने ब्यबस्था गरेको र धारा ३८ को उपधारा (९) र (१०) अनुसार माथि उल्लेखित जुनसुकै कारणले प्रधानमन्त्रि पद मुक्त हुनपुगे पनि अर्को बैधानिक ब्यबस्था नभएसम्मको लागि दैनिक कार्य सञ्चालन गर्न कामचलाउ प्रधानमन्त्रि भइरहने ब्यबस्था गरि राखेको छ। यस ब्यबस्था अनुसार सम्बिधान जारि गर्न जति बर्ष लागे पनि र राजनैतिक दलहरुमा जे-जति मत भिन्नता रहे पनि देश चलाउन एउटा बैधानिक राष्ट्रपति र एउटा बैधानिक प्रधानमन्त्रिको अभाब भने रहने छैन। तर सम्बिधानसभाबाट नया बिधान जारि गर्न ढिलाइ गर्दा देशले गुमाउनु पर्ने बिकाशका अबसर प्रति राजनैनिक नेतृत्व सम्बेदनशिल हुन भने पनि अतिनै जरुरि देखिन्छ।

## जेठ १४ पछि बर्तमान सरकारको हैसियत र प्रधानमन्त्रिको राजिनामाको अर्थ

संबिधानको धारा ६४ र सर्बोच्चको निर्णय अनुसार जेठ १४ देखि सम्बिधानसभाको कार्यकाल समाप्त भयो। तर नया सम्बिधान पारित नभइसकेको हुनाले धारा ८२ अनुसार सम्बिधानसभा बिधटन भइसकेको भने छैन। धारा ६४ र ८२ लाइ एक साथ लागु गर्दा के देखिन आउछ भने

गत जेठ १४ पछि सम्बिधानसभा बिधटन भएको हैन कि बरु सभासदहरुको पद रिक्त भएको मात्र हो।

फलस्वरुप यो दिन देखि प्रधानमन्त्रि पनि ब्यबस्थापिका-संसदको सदस्य नरहेकोले संबिधानको धारा ३८ को उपधारा ७(ख) अनुसार सोहि दिन देखिनै आफ्नो पदबाट मुक्त भए। तर उपधारा ९ ले ब्यबस्था गरे अनुसार अर्को मन्त्रिपरिषद गठन नभएसम्म पद मुक्त भइसकेको बर्तमान मन्त्रिपरिषदले दैनिक कार्य संचालन गरिरहेको छ। प्रधानमन्त्रिले लिखित राजिनामा दिएर पद मुक्तहुन खोजेको अबस्थामा पनि यसै उपधारा ९ अनुसार अर्को मन्त्रिपरिषद गठन नभएसम्म उनको नेतृत्वमा बनेको मन्त्रिपरिषदलेनै कार्य संचालन गरिरहनु पर्दछ। यस अर्थमा लिखित राजिनामा दिएको प्रधानमन्त्रि र ब्यबस्थापिका-संसदको सदस्य नरहेको प्रधानमन्त्रिको बिचमा कुनै तात्विक अन्तर छैन।

बर्तमान प्रधानमन्त्रि राजिनामा दिए सरह हुदाहुदै राजनैतिक दलहरुले प्रधानमन्त्रिको राजिनामा मागिरहनु र उन्को राजिनमालाइ सहमतिको पूर्बशर्तको रुपमा प्रस्तुत गर्नुको कुनै अर्थ देखिदैन न त सहमति भएको खण्डमा म राजिनामा दिन्छु भन्नुको पनि कुनै अर्थ देखिन्छ। के हाम्रा नेताहरुले अन्तरिम सम्बिधानको धारा ३८ पनि पढेका छैनन होला त? कि पढेर पनि बुझेनन होला? के यिनिहरु खालि बेमतलबको झमेला उठाएर देशलाइ अन्यौलको अबस्थामा धकेल्नमात्रै खोजिरहेका छन? यस्को पछि के रहस्य छ? भन्ने थुप्रै प्रश्न पनि यतिखेर उठाउन सकिन्छ। मतदाताका मनमा उठने यस्ता अनगिन्ति प्रश्नहरू हाम्रा प्रिय नेताहरुलाई अबश्य लाभकारि हुने छैनन्।

## प्रधानमन्त्रिको अर्को बैधानिक उमेद्बारको योग्यता के हो र को को हुन सक्छन अर्को कामचलाउ प्रधानमन्त्रि?

अर्को मन्त्रिपरिषद गठन नगरि कामचलाउ प्रधानमन्त्रिलाइ उनको मृत्यु भएको अबस्थामा बाहेक कसैले पनि हालको जिम्मेबारिबाट हटाउने सम्बैधानिक प्राबधान छैन। प्रधानमन्त्रि आफैलाइ पनि अर्को प्रधानमन्त्रि निर्बाचित नहोउन्जेल आजदेखि सिंहदरबार जान्न भन्ने अधिकार सम्बिधानले दिएको छैन। तर ब्यबस्थापिका-संसद नरहेको अबस्थामा अर्को प्रधानमन्त्रि चुन्नु भनेको चानेचुने कुरा होइन।

सम्बिधानको धारा ४० अनुसार राजनैतिक सहमति भएमा प्रधानमन्त्रिले कुनैपनि नेपाली नागरिकलाइ उप-प्रधानमन्त्रि, मन्त्रि बा सहायक मन्त्रि पदमा नियुक्त गर्न सक्ने हुनाले

प्रधानमन्त्रिको निर्बाचन गर्ननपरे नयाँ मन्त्रिपरिषद गठनगर्न खास सम्बैधानिक समस्या पर्ने देखिदैन। तर प्रधानमन्त्रिको निर्बाचनको लागि भने धारा ३८ को उपधारा १ वा २ र ७(ख) मा टेक्नै पर्ने हुन आउछ। खासगरि उपधारा ७(ख) ले प्रधानमन्त्रि हुन ब्यबस्थापिका-संसदको सदस्य रहेकै हुनुपर्ने भन्ने सर्त तोकेकोले सम्बिधान सभाको अर्को निर्बाचन नहुदासम्म त्यो पदको लागि अर्को योग्य ब्यक्ति भेटन सम्भब छैन। यो शर्तलाई एक छिनको लागि बिर्सने हो भने ब्यबस्थापिका-संसद नरहेको अबस्थामा धारा ३८ को उपधारा २ को प्रयोजन नहुने हुनाले उपधारा १ अनुसार राजनैतिक सहमतिका आधारमा नयाँ प्रधानमन्त्रि र निजको अध्यक्षतामा मन्त्रिपरिषदको गठन गर्ने अर्को एउटा गुत्थि सुल्झाउनु पर्ने हुन आउछ। अहिलेको अबस्थामा 'राजनैतिक सहमति' भनेको के हो र क-कस्का बिच सहमति भएपछि यो कायम हुन्छ भन्ने कुराको परिभाषा नभेटि राजनैतिक सहमति भेटन सम्भब छैन।

संबिधानसभा कायम रहेको अबस्थामा यो सहमति परिभाषित थियो - संबिधानसभामा प्रतिनिधित्व भएका दल बिचको सहमतिलाइ राजनैतिक सहमतिको रुपमा लिन सकिन्थ्यो। अहिले त्यो अबस्था रहेन। कुन दललाइ के कति जन समर्थन छ भन्ने कुरा नयाँ निर्बाचन नगरि थाहाहुने भएन। पुरानो निर्बाचनको आधारलिदा अरु नयाँ दलले बिरोध गरेमा त्यसलाइ कसरि टुङ्गो लगाउने भन्ने सानो समस्या हैन। त्यसकारण राजनैतिक सहमति अहिलेलाइ एक अपरिभाषित धारणा हो भन्ने मान्नै पर्ने हुन आउछ। यसैले राजनैतिक सहमतिको आधारमा प्रधानमन्त्रि चुन्ने समस्याका समाधान खोज्न सकिदैन। राजनैतिक दलहरुले अहिले सम्म समस्याको निकास भेट्न नसकेको एउटा कारण यो पनि हो। अर्को चाहिं सत्तामा आफै नबसि चुनाब जित्न सकिदैन भन्ने मनस्थिति पनि हो जस्ले हाम्रा नेताहरू कति प्रजातान्त्रिक छन र सरकारको शक्ति र पदलाई निर्बाचनमा कसरि प्रयोग गर्ने चाहना राखेका छन भन्ने कुरो पनि छर्लङ्गै देखाएको छ।

यसरि हेर्दा हामिसंग अहिले दुइ जटिल प्रकृतिका समस्या छन। पहिलो, राजनैतिक सहमति अहिलेलाइ अपरिभाषित छ र नयाँ प्रधानमन्त्रि निर्बाचन गर्नको लागि यस्को उपयोग सम्भब छैन। दोश्रो, कुनै प्रकारले सहमति भइनैहाले पनि सम्बिधान सम्मत प्रधानमन्त्रिको उमेद्वार बर्तमान कामचलाउ प्रधानमन्त्रि बाहेक अर्को ब्यक्ति हुनै सक्दैन।

अर्कोतिर, सम्बैधानिक घेरालाइ नाघेर सहमतिको अर्को प्रधानमन्त्रि खोज्न लाग्ने हो भने थुप्रै समस्याहरु उन्पन्न हुन सक्छन। सबभन्दा पहिलो हो सहमतिकै अभाब। यो बेलामा प्रधानमन्त्रि हुने रहर बोकेका थुप्रै नेताहरु देखिएका छन र उनिहरु आफै प्रधानमन्त्रि

नहोइन्जेल निर्बाचन स्वच्छ हुन नसक्ने बा गर्नै नसकिने बराबरको तर्क गर्दै छन, मानौं प्रधानमन्त्रि एकजनाले नै यो सब गर्ने-गराउने हो। यिनिहरुमा सहमति भेटन अनन्तकाल लाग्न सक्छ। दोश्रो, राजनैतिक सहमतिको कुनै परिभाषा बनाएर कुनै एक अमुक ब्यक्तिमा सहमति बनिनैहाल्यो भने पनि माथि भने जस्तै उक्त ब्यक्ति संसदको सद्स्य नभएकोले तत्काल पदमुक्त हुन पुग्दछ। तेश्रो, संसदबाहेक प्रधानमन्त्रि नियुक्त गर्नसक्ने अर्को कुनै संस्था संबिधानले ब्यबस्था गरेको छैन। केहि दलका नेताहरुले हुन्छ भनेकै भरमा राष्ट्रपतिले उक्त ब्यक्तिलाइ प्रधानमन्त्रिको शपथ ग्रहण गराउन मिल्छ कि मिल्दैन भन्ने प्रश्नमा पनि बिचार गर्नै पर्दछ। त्यसैले सहमति खोज्दा के का लागि किन र कसरि सहमति खोज्दै छौं, यो बैधानिक छ कि छैन भन्ने बिषयमा ध्यान दिनै पर्दछ।

त्यसैले अहिलेको परिस्थितिमा देशले भोगिरहेको समस्याको संबैधानिक निकास भनेको बर्तमान कामचलाउ प्रधानमन्त्रिकै अध्यक्षतामा सहमतिको मन्त्रिपरिषद गठन गरेर सकेसम्म छिटो संबिधानसभाको  निर्बाचनमा जानु हो। कुन दलको कुन ब्यक्तिले प्रधानमन्त्रिको भूमिका निर्बाह गरिरहेको छ भन्ने कुराले यसमा प्रभाब पार्न सक्दैन र हुदैन। बरु, जोसुकै मन्त्रि वा प्रधानमन्त्रि भएपनि उनिहरुले प्रभाब पार्न नसक्ने गरि निर्बाचनलाइ के-कसरि स्च्छ, निष्पक्ष र स्वतन्त्र बनाउन सकिन्छ भन्नेकुराको ब्यस्था गर्नतिर सबैदलको ध्यान केन्द्रित हुनभने अतिआबश्यक छ। धांधलिपूर्ण निर्बाचनले प्रजातन्त्रलाई संस्थागत गर्न सक्दैन र देशलाई सहि राजनैतिक नेतृत्व पनि दिन सक्दैन।

यि सम्बैधानिक प्राबधानहरुलाइ वास्ता नगरेर नयाँ प्रधानमन्त्रिकालागि गरिएको सहमतिको खोजि केहि नेताका जबरजस्ति भन्दा कुनै हिसाबमा पनि फरक देखिदैन। यस्तो सहमति खोज्दा हाम्रा शिर्षनेताहरुमा आफुहरू संबिधान भन्दा माथि छौं भन्ने भाबना रहेको हो कि भन्ने भान परिरहेको छ। संबिधानले उहाँहरुलाई कुन घेरामा राखेको छ भन्ने बिषयमा उहाँहरु समयमै सचेत हुन आबश्यक देखिएको छ। ब्यङ्गात्मक हिसाबले भन्ने हो भने ऊहाँहरुलाइ जनताले अझै नयाँ राजाका रुपमा स्थापित गरिसकेका छैनन, त्यसैले सम्बिधानका धाराहरुलाई अटेर गरेर होइन कि उहाँहरुले पनि सम्बिधान भित्रै रहेर समाधान खोज्नु पर्दछ।

यसैगरि निर्बाचनमा नगई पुरानै सभासदहरुलाइ ल्याएर संबिधानसभालाई ब्युताउने प्रस्ताब पनि प्रस्तुत नभएको होइन। यो तर्कहिन प्रस्ताब राख्नु भन्दा अघि केहि प्रश्नका उत्तर खोज्नु जरुरि छ । यो स्वयम 'मृत्युबरण' गरेका सभासद्हरुलाई पुनर्जिबन दिनसक्ने शक्ति भएको कुनै ब्यक्ति वा संस्था देशमा बाँकि छ कि छैन? यदि छ भने को हो, त्यसलाइ त्यो

शक्ति कसरि र कहाँ बाट प्राप्त भयो त्यसको 'थाहा' सबैलाइ दिनु पर्‍यो, यदि छैन भने त्यो प्रस्ताब को कुनै अर्थ भएन र यसबारे छलफल गरेर समय किन खेर फाल्ने? अर्को कुरा, यदि बिधिबत रुपमा पुनर्स्थापनानै हुन सक्यो भने पनि यो सभामा जुन प्रकारको खेल खेलेर र खेलाएर हाम्रा शिर्ष नेताहरुले चार बर्ष बिताए त्यहि खेल पुनर्स्थापना भएको संबिधानसभामा पनि दोहोरिदैन भनेर कसरि ठान्ने? त्यसैले संबिधानसभाको पुनर्स्थापना असम्बैधानिक मात्र हैन कि बर्तमान परिप्रेक्षमा निकास निश्चित गर्ने माध्यमको रुपमा पनि लिन सकिने अबस्था रहेन। त्यस्तै सम्बिधानसभा पुनर्स्थापना नगरि ब्यबस्थापिका-संसद मात्र पुनर्स्थापना गर्ने अर्को प्रस्ताबको पनि मर्यदामूलक सम्बैधानिक आधार देखिदैन। त्यसैले स्पष्ट छ, निर्बाचनमा जानुको सम्बैधानिक बिकल्प देखिएको छैन।

अर्को कुरा, निर्बाचनमा जान दलहरु सहमत भएको अबस्थामा पनि अन्तरिम संबिधान संसोधन नगरि त्यो सम्भब नहुने तर्क पनि अधि सारिएको छ। यो तर्कले निर्बाचनमा जाने बाटोमा ठुलो भाँजो हालेको छ र गोलमाल खडागर्न निकै योगदान गरेको देखिन्छ। खास गरि यो निर्बाचनमा कस्ले मत दिन पाउछन र निर्बाचन आयोगका आयुक्तहरूको पदाबधि सकिन लागेको अबस्थामा आयुक्तहरूको नियुक्ति कसरि गर्ने भन्ने बिषयमा यो बहस केन्द्रित देखिन्छ। यिनै समस्या हल गर्नका लागि ब्यबस्थापिका-संसद पुनर्स्थापना गर्ने प्रस्ताब अघि सारिएको हो।

तर, संबिधान सभाको गठन सम्बन्धमा अन्तरिम सम्बिधानको धारा ६३ ले अबश्यक ब्यबस्था गरेको छ र यो धाराले सदश्य संख्या, निर्बाचन क्षेत्र र प्रणालि लगायत मतदाता को को हुन भन्ने जस्ता सबै आबश्यक कुराको परिभाषा दिएको छ। यस अनुसार ६०१ जना सभासदको लागि मिश्रित प्रणलि अनुसार निर्बाचन हुने छ।

यसै धाराको उपधारा (७) मा 'संबिधान सभाको निर्बाचनको प्रयोजनको लागि सम्बत् २०६३ साल मङ्सिर मसान्तसम्म अठार बर्ष उमेर पूरा भएको प्रत्येक नेपाली नागरिकलाई कानूनमा ब्यबस्था भए बमोजिम मतदान गर्ने अधिकार हुने छ' भन्ने ब्यबस्था भएको भएतापनि यहि धारा ६३ को उपधारा (७ख) भन्छ 'उपधारा (७) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपधारा (३) को खण्ड (क) बमोजिम निर्बाचित सदस्यको स्थान कुनैकारणले रिक्त भई उपधारा (७क) बमोजिम निर्बाचन व्दारा पूर्ति गर्नु पर्दा त्यसरि निर्बाचन गरिने सालभन्दा तत्काल अघिल्लो सालको चैत्र मसान्तसम्म अठार बर्ष उमेर पुरा भएको प्रत्येक नेपाली नागरिकलाई कानूनमा ब्यबस्था भए बमोजिम मतदान गर्ने अधिकार हुने छ'।

यो ब्यबस्था अनुसार संबिधानसभाको १ देखि ६०० पद रिक्तहुदा सम्म यो धारा लागु हुन्छ भने ६०१ पद रिक्तहुदा पनि यो अबश्यनै लागु हुनै पर्‍यो। त्यसो नगरेमा हिजो संबिधानसभाका रिक्त स्थानमा मतदिन योग्य ठहरिएका ब्यक्तिलाइ अब हुने पूर्ण चुनाबमा अयोग्य ठहर्‍याउनु पर्ने हुन्छ जुनकुरा तर्क र न्याय संगत हुन सक्दैन। यो निस्कर्षमा शंका उठे अदालतबाट ब्याख्या गरिमाग्न पनि सकिन्छ।

उपधारा (७ख) छैठौं संसोधन व्दारा थप गरिएको हो। यस उपधाराले अन्तरिम संबिधानको मनसायलाई स्पष्ट पारेको छ र बिधानमा रहेको मतदाता सम्बन्धि कमजोरिलाई हटाएको छ। उपधारा (७) ले संबिधान सभाको पहिलो निर्बाचनमा क-कस्लाइ मतदान गर्ने अधिकार छ र थियो भन्ने स्पष्ट पारेको छ भने उपधारा (७ख) ले तत्पश्चात हुने निर्बाचनमा क-कस्ले मतदान गर्न सक्छन भन्ने स्पष्ट पारेको छ। यस अनुसार निर्बाचन हुने साल भन्दा ठ्याक्क अघिल्लो सालको चैत्र मसान्त सम्ममा अठार बर्ष पुगेका सबै नेपाली नागरिकले आगामि संबिधान सभाको निर्बाचनमा मतदान गर्न पाउने छन।

सम्बिधानको धारा १५५ मा "संबैधानिक परिषदको सिफारिसमा नियुक्ति हुने संबैधानिक पद तथा सर्बोच्च अदालतका न्याधिश र राजदुतका पदमा नियुक्ति पूर्ब निजहरुको कानूनमा ब्यबस्था भएबमोजिम संसदिय हुनुवाइ हुने छ" भन्ने उल्लेख भएकोले अब निकट भबिष्यमानै निर्बाचन आयोगलाइ कसरि आयुक्तहरु दिने भन्ने समस्या खडा भएको पनि छ। यो एउटा संबैधानिक बाधा हो। यस्तै बाधा-अडकाउहरु परेको अबस्थामा "राष्ट्रपतिले मन्त्रिपरिषदको सिफारिसमा त्यस्तो बाधा अडकाउ फुकाउन आदेश जारि गर्न सक्ने छ" भन्ने ब्यबस्था संबिधानको धारा १५८ ले गरेको छ। यसै धाराको प्रयोग गरेर हाल कार्यरत आयुक्तहरुलाइ अर्को ब्यबसथा नभएसम्म कार्यसञ्चालन गरिरहने आदेश जारि हुन सक्छ र त्यसमा निर्बाचनमा जान सहमत कुनै पनि दल असहमत हुनु पर्ने कारण देखिदैन।

सारांशमा, अहिलेको परिस्थितिमा पदमुक्त प्रधानमन्त्रिको राजिनामा माग्नुको कुनै अर्थ छैन र कामचलाउ प्रधानमन्त्रिको अर्को बैधानिक बिकल्प पनि छैन। तर राजनैतिक सहमतिको आधारमा मन्त्रिपरिषदका अन्य सदश्यहरुको फेरबदल भने गर्न सकिन्छ। त्यसैले बर्तमान कामचलाउ प्रधानमन्त्रिकै नेतृत्वमा निर्बाचन गराउने सर्बदलिय सरकारका सम्बन्धमा सकेसम्म चांडो सहमति गरेर सम्बिधान सभाको निर्बाचनमा जानु नै बर्तमान समस्याको एकमात्र बैधानिक निकास हो भन्ने देखिन आउछ। हाम्रा नेताहरुले यो तथ्यलाइ जति चांडो आत्मसात गर्छन उनिहरूलाई र देशलाई त्यतिनै चांडो अनाबश्यक झमेलाबाट मुक्ति मिल्ने स्पष्ट देखिन्छ।

## असहमतिका सम्भाब्य परिणाम चित्रहरू

अब अर्को प्रश्न उठाऔं - यदि राजनैतिक दलहरू डा भट्टराईको नेतृत्वमा सहमतिको सरकार बनाएर चुनाबमा जान तैयार हुदै भएनन् भने के होला त? यस्तो अबस्थामा हुनसक्ने दुई सम्भाब्य चित्रहरू कोर्न सकिन्छ।

पहिलो हो आफ्नो लक्षमा पुग्न दलहरुले अन्तरिम संबिधानलाइ खारेज गर्ने ईच्छा र शक्ति दुबैको सफल प्रदर्शन गर्नु। यदि यो बाटो हिडने हो भने दलहरूले आफै बा अरुको सहयोगले कुनै प्रकारको शान्तिपूर्ण बिद्रोह बा रक्तपात सहितको आतङ्क मच्चाएर सत्ता कब्जा गर्न सक्नु पर्दछ तब मात्र यिनिहरुले हालको संबिधानलाई खारेज गरेर अर्को संबिधान दिन सक्दछन। त्यो बेला मात्र कामचलाउ सरकारको प्रधानमन्त्रि यिनिहरुको सहमति व्दारा रोजिएको ब्यक्ति हुन सक्द छ। यो बाटो दलहरुलाइ उपल्ध छ कि छैन र लिन खोजेको हो कि हैन त्यस बारे दलहरुले छिटै निर्णय लिनु आबश्यक छ।

दोश्रो बाटो हो बर्तमान सम्बिधान भित्रै रहने तर आफै प्रधानमन्त्रि हुने अबस्था नआएसम्म एकले अर्को दललाई दोषमात्रै दिएर कुनैपनि सहमतिमा आउदै नआउने। त्यस्तो अबस्थामा धारा ३८ को उपधारा ९ र १० अनुसार बर्तमान प्रधानमन्त्रि र त्यो पदको रोलक्रमलाई दलहरुले बदल्न नसक्ने हुनाले यिनिहरुले हाल गरिआएको राजनैतिक असहयोग गरिरहन सक्ने छन। यसरि जति लामो समयसम्म असहयोग गरि रहे पानि अन्य नेताहरुको प्रधानमन्त्रि बन्ने आकांक्षा बैधानिक हिसाबले पुरा हुने छैन। फलस्वरुप देश सरकार बिहिन जस्तो बन्दै जाने छ, गइरहेको छ। अराजकता झन-झन बढदैजाने छ। साधारण जनताको जिऊ धनको असुरक्षा र अन्याय यति बढदै जाने छ कि जनताले आ-आफ्नो सुरक्षाको लागि ससस्त्र दस्ताहरु निर्माण गर्नु पर्ने हुन आउने छ। यो अबस्था भनेको अर्को ससस्त्र क्रान्ति जन्माउने निश्चित बस्तुगत अबस्था हो। यो बेला क्रान्तिमा सम्मिलित हुदा हुने खतरा सम्मिलित नहुदा हुने खतरा भन्दा धेरै कम हुने छ। फलत: अधिकांश नागरिकहरू यो क्रान्तिमा सहजरुपमा समाहित हुने सम्भाबनालाइ सजिलै नकार्न सकिदैन। यदि त्यस्तो अबस्था नेपालमा फेरि आयो भने अहिलेका नेताहरुको राजनैतिक जिबन पूर्णतया समाप्त हुने छ। यस्तो अबस्था आउनु अगाबै जुन दलहरुले निर्बाचन देखि डराएर अनेक कुतर्क गर्ने र बितण्डता मच्चाउने नेताहरुलाई दलबाट निष्कासन गर्दैनन बा कम से कम नेतृत्वबाट हटाउदैनन ति दल समेत राजनैतिक धरातलबाट उनिहरुका नेता संगै हराउने छन।

यदि यि दुबै बाटाहरु रोज्न खोजिएका हैनन् र बर्तमान संबिधानकोनै अधिनमा रहेर समधान खोजिएको हो भने बर्तमान प्रधानमन्त्रिकै अध्यक्षतामा सहमतिको सरकार गठन गरेर निर्बाचनमा जानुको बिकल्प देखिदैन। अन्तरिम संबिधानको अर्थपूर्ण संसोधन गर्न सक्ने बैधानिक निकाय संबिधानसभा (ब्यबस्थापिका-संसद, धारा १४८) भन्दा अर्को संस्थाको ब्यबस्था भएकै छैन। संबिधानको आँखामा साधारण जनतामा झरिसकेका केहि नेताहरु, जस्को आफ्नै दल भित्र के कति साख छ भन्ने थाहा छैन, मिलेर संबिधान संसोधन गर्नसक्ने सपना देख्नु केबल भ्रम मात्रै हो। यो बैधानिक हुनै सक्दैन। यि नेताहरूले आफ्नो यस्तो हैसियत जति छिटो महशुस गर्छन त्यति छिटो देशले भोगिरहेको समस्याको निकास निस्कने छ।

## बैधानिक निकासको मार्ग चित्र

सारांशमा भन्दा अहिलेको समस्याको बैधानिक निकास यसप्रकारको देखिन्छ: (१) बर्तमान प्रधानमन्त्रिलाइनै कामचलाउ प्रधानमन्त्रिमा कायम राखेर मन्त्रिपरिषदका अन्य सदश्यहरुमा सहमति खोज्ने। सबै दलबाट आउने निर्बाचनमा उमेद्वार नहुने प्रतिबद्दता दिन तैयार एक-एक प्रतिनिधि लिएर अथवा अबकास प्राप्त गैरराजनैतिक प्रतिष्ठित ब्यक्तिहरु समाबेस गरेर कामचलाउ मन्त्रिपरिषद गठन गर्नेमा सहमत हुने। (२) निर्बाचनलाइ स्वच्छ, स्वतन्त्र, निस्पक्ष र धाँधलि रहित बनाउन आबस्यक आचार संहिता लागु गर्ने। आबश्यक परे अध्यादेस मार्फत थप कानुनि ब्यबस्था गर्ने। (३) धारा १५८ प्रयोग गरेर बर्तमान निर्बाचन आयुक्तहरु र प्रमुखलाइ अर्को चुनाब सम्पन्न भएर सम्बिधानसभाले आफ्नो कार्यभार नसम्हालेसम्म निर्बाचन आयोगको दैनिक कार्य संचालन गरिरहन आदेश जारि गर्ने। (४) निर्बाचन सम्पन्न गर्नकालागि आबश्यक कानुनि ब्यबस्था अध्यादेश मार्फत गर्ने। यसरि बर्तमान समस्याको निकास निकाल्दा संबिधान मिच्न आबश्यकपर्ने देखिदैन।